# स्थानीय राजपत्र

सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ६) पाङ्ग्रेटार, सिन्धुपाल्चोक, मंसिर १३ गते, २०७८ साल (अतिरिक्ताङ्क ४**

## भाग २

## सुनकोशी गाउँपालिकाको

## शिक्षक पदस्थापना तथा सरुवा कार्यविधी, २०७६

**प्रस्तावना :** स्थानिय तहका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई समय सापेक्ष अनुरुप थप उर्जाशिल, क्षमता अभिवृद्धि तथा शिक्षण सिकाई उपलब्धीको गुणात्मक फड्को योजनाबद्ध हिसावमा अघि बढाउने उदेश्य सहित सुनकोशी गाउँपालिकाको स्थानिय शिक्षा ऐन २०७४ तथा स्थानिय शिक्षा नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी

गाउँपालिकाले सुनकोशी गाउँपालिकाको शिक्षक पदस्थापना तथा सरुवा कार्यविधी २०७६ बनाएको छ।

## परिच्छेद : १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम “शिक्षक पदस्थापना तथा सरुवा कार्यविधी २०७६” रहनेछ ।

२. यो कार्यविधी सुनकोशी गाउँपालिकाको गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यबिधी भन्नाले शिक्षक पदस्थापन तथा सरुवा कार्यविधी २०७६ सम्झनु पर्नेछ ।

ख) “शिक्षा समिति” भन्नाले सुनकोशी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई वुझ्नुपर्दछ ।

ग) ”भन्नाले सामुदायिक विद्यालयका मा.वि, नि.मा.वि र प्रा. वि. तहलाई सम्झनुपर्दछ ।

घ) “विद्यालय कर्मचारी” भन्नाले नेपाल सरकारको अनुदानमा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

ङ) “सिफारिस शिक्षक" भन्नाले शिक्षक सेवा आयोग वा अन्य कुनै संघीय प्रदेश सरकारवाट पदस्थापनाका लागि पठाईएका शिक्षक सम्झनुपर्दछ ।

च) मूल्याङ्कन परीक्षा भन्नाले यस गा. पा. अन्तर्गत रहेका विद्यालयहरुमा कार्यरत करार दरबन्दीमा भएका शिक्षकहरुको योग्यताक्रम निर्धारण गर्न लिइने परीक्षालाई सम्झनु पर्दछ

छ) स्पष्टिकरण - भन्नाले यस कार्यविधीमा निर्धारण भए बमोजिमको पालना नगरिएमा लिइने लिखित तथा मौखिक जवाफलाई सम्झनु पर्दछ ।

## परिच्छेद : २
## शिक्षक पदस्थापना सम्बन्धमा

३. **शिक्षक पदस्थापना सम्बन्धमा** : शिक्षक पदस्थापना सम्बन्धी व्यवस्था शिक्षक सेवा आयोगबाट सिफारिस शिक्षकहरुलाई गाउँपालिकाले गाउँ शिक्षा समिती मार्फत कुनैपनि सामुदायिक विद्यालयहरुमा पदस्थापना गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम शिक्षक पदस्थापना गर्दा देहायका आधारमा गर्नुपर्नेछ ।

(क) मा. वि, नि.मा.वि तथा प्रावि तहमा स्थायी दरवन्दी रहेका सामुदायिक विद्यालयहरुमा शिक्षक पदस्थापना हुनेछन् ।

(ख) पदस्थापनाका लागि सिफारिस शिक्षकहरुलाई तह अनुसारको रिक्त स्थानमा गाउ शिक्षा समितिको निर्णयका आधारमा पदस्थापना गर्नुपर्नेछ ।

(ग) रिक्त स्थानमा पदस्थापना गर्दा पनि प्राप्त थप शिक्षकहरु सिफारिस भई आएमा स्थायी दरवन्दीमा

करार सेवामा कार्यरत शिक्षकहरु विस्थापन गरी पदस्थापना गर्नुपर्नेछ ।

(घ) तहगत करार शिक्षकहरुको नियूक्ती मितिका आधारमा तयार सूचिको क्रम अनुसार गाउँशिक्षा समितिले लिने मूल्याङ्कन परिक्षा अनुसार तल्लो नम्बरको आधारमा विस्थापित गर्दै जानुपर्नेछ ।

ङ) मूल्याङ्कन परिक्षाको अङ्कभार जम्मा १०५ को रहनेछ । जसमा लिखित १०० र मौखिक ५ अंकको हुनेछ । नियूक्ति मितिका आधारमा करार नियुक्ति अंक भार प्राप्ताङ्कमा थपिनेछ ।

(च) करार नियुक्ती अंकभार प्रत्येक १ वर्षलाई १ अंक मानी बढीमा ५ अंक कायम हुनेछ ।

(छ) मूल्याङ्कन परिक्षाका लागि देहाय बमोजिमको समिति गठन गरी गाउँ शिक्षा समितिमा सिफारिस गर्नु पर्नेछ ।

१. स्थानिय शिक्षा अधिकारी - संयोजक
२. विषय विज्ञ, १ जना - सदस्य
३. गाउँ शिक्षा समिति सदस्य १ जना सदस्य - सदस्य
४. गाउं शिक्षा समितिले तोकेका १ जना -सदस्यसचिव

(ज) करार शिक्षकहरुको विस्थापित विद्यालय अनुसार प्राप्त सिफारिस शिक्षकहरुलाई गाउँ शिक्षा समितिले पदस्थापना गर्नेछ।

**४. गाउँपालिकाले करार सम्झौता भंग प्रकृया अघि बढाउन सक्ने**

क) गाउँपालिकाले लिने मूल्याङ्कन परीक्षामा सहभागी नहुने परिक्षार्थीलाई निजको सम्बन्धित विद्यालय मार्फत

बाँकी करार सम्झौता भंग गर्ने प्रकृया अघि वढाउन सक्नेछ ।

ख निजलाई १५ दिने लिखित स्पष्टिकरणको अवसर दिइनेछ ।

ग) लिखित स्पष्टिकरण चित्त बुझदो नआएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार सम्बन्धित विद्यालयले निजको करार सम्झौता भंग गर्ने प्रकृया अघि बढाउनु पर्नेछ ।

**५. करारहरुलाई गाउँपालिकाले बैकल्पिक पदस्थापन गर्न सक्ने सम्बन्धी व्यवस्था**

क) मूल्याकन परीक्षामा सहभागी भइ अंक भारका आधारमा योग्यता क्रम निर्धारण भएका करार परिक्षार्थीहरुले थप दिगो अवसरको सुनिश्चितताका लागि गाउँपालिकाले वैकल्पिक पदस्थापन गर्न सक्नेछ ।

ख) वैकल्पिक पदस्थापनका लागि कार्यरत करार पदबाट राजिनामा पूर्व शर्त निर्धारण गरिएको छ ।

ग) गाउँपालिकाले गा.पा. अनुदान दरवन्दीमा बढीमा १ जनालाई निज कार्यरत विद्यालयमै समान तहको वैकल्पिक पदस्थापन गर्न सक्नेछ ।

घ) एक भन्दा बढी पूर्व शर्त अनुसारको मापदण्ड पुगेका करार परिक्षार्थीहरु भएमा लिइएको मूल्याङ्कन परीक्षाबाट प्राप्त अंकभारका आधारमा वैकल्पिक पदस्थापन हुनेछ ।

ङ) गा.पा. अनुदान दरवन्दीमा बैकल्पिक पदस्थापनका लागि मूल्याङ्कन परीक्षालाई नै आधार मानिनेछ ।

## परिच्छेद : ३

## ६. शिक्षक सरुवा सम्बन्धी व्यवस्था

१. गाउँपालिकामा कार्यरत शिक्षकहरुलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले गाउंपालिका भित्र गा.पा सरुवा गर्न सक्नेछ । यसरी सरुवा गर्दा पारस्परिक हुनेछ ।

२. गा.पा सरुवा सामान्यतया हरेक शैक्षिक सत्रको अन्तिम चार महिना भित्र गर्नुपर्नेछ ।

३. एउटा सामुदायिक विद्यालयमा न्यूनतम ३ वर्ष नियमित सेवा अवधि विताएका शिक्षकहरुलाई गा.पा सरुवा गर्न सकिनेछ ।

४ गा.पा सरुवा समय बाहेक अन्य समयमा कुनै विशेष गा.पा सरुवा गर्नु परेमा गाउँ शिक्षा समितिले निम्नानुसारको सिफारिस समिति गठन गर्नेछ ।

(क) स्थानिय शिक्षा अधिकारी - संयोजक

(ख) गाउँ शिक्षा समिति सदस्य १ जना - सदस्य

ग स्थानिय शिक्षा अधिकारीले तोकेको १ जना - सदस्य सचिव

५. गा.पा सरुवा तथा विशेष गा.पा सरुवा गर्दा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको पूर्व सहमति आवश्यक पर्ने छैन ।

६. गा.पा सरुवा भएका शिक्षकहरुलाई सम्वन्धित विद्यालयले अनुरोध गरेमा गाउँ शिक्षा समितिले बढिमा ३ महिना उक्त विद्यालयमै थमौति दिन सक्नेछ ।

७. गा.पा सरुवा तथा विशेष गा.पा सरुवा भएका शिक्षक ३ वर्ष सम्म गाउँपालिका भित्र अन्य सामुदायिक विद्यालयमा सरुवा हुन पाउने छैन ।

८. गा.पा सरुवा तथा विशेष गा.पा सरुवा बाहेकका नियमित सरुवाहरु स्थानिय शिक्षा ऐन नियमावली अनुसार हुनेछन् ।

## परिच्छेद : ४

## विद्यालय कर्मचारीको गा.पा सरुवा सम्बन्धी व्यवस्था

१. नेपाल सरकारको अनुदानमा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुलाई गाउँ शिक्षा समितिले पारस्परिक गा.पा सरुवा गर्न सक्नेछ ।

२. सामुदायिक विद्यालयमा न्यूनतम ४ वर्ष सेवा अवधि पुरा गरेका विद्यालय कर्मचारीहरुलाई तहगत पारस्परिक सरुवा गर्न सकिनेछ ।

३. विद्यालय कर्मचारीको तहगत पारस्परिक गा.पा सरुवा शैक्षिक सत्रको अन्तिम तिन महिना भित्र गरि सक्नुपर्नेछ ।

४. विद्यालय कर्मचारीको गा.पा सरुवालाई सम्बन्धित विद्यालय व्यवस्थापन समितिको कुनै पूर्व सहमती आवश्यक पर्ने छैन ।

५. गा.पा सरुवा तथा विशेष गा.पा सरुवा भएका विद्यालय कर्मचारी ४ वर्ष सम्म गाउँपालिका भित्र अन्य सामुदायिक विद्यालयमा सरुवा हुन पाउने छैन।

## परिच्छेद : ५

## अन्तर गाउँपालिका सरुवा सम्बन्धी व्यवस्था

१. सुनकोशी गाउँपालिकाले अन्य गाउँपालिकामा पारस्परिक सरुवा गर्न सक्नेछ ।

२. अर्को गाउँपालिकाको स्विकृती वा सहमतीमा सुनकोशी गाउँपालिकाले पारस्परिक सरुवा गर्न सक्नेछ।

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/०८/१३**

**प्रमाणित मिति : २०७६/०८/१३**

**आज्ञाले,**
**पूर्ण प्रसाद दुलाल**
**प्रमुख प्रशासकीय अधिकृत ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.१५।-
गो.हु.द.नं. १६।२०६२।६३